# काठमाडौं उपत्यका विकास प्राधिकरण

<u>"काठमाडौं उपत्यकाको सडक विस्तार र मेलम्ची खानेपानी आयोजना"विषयक अन्तर्क्रिया कार्यक्रममा प्राप्त सल्लाह तथा सुझाव</u>

मिति:- २३, पौष २०७०/7th Jan, 2014

## सारांश

"काठमाडौं उपत्यकाको समग्र विकास र खासगरी हाल कार्यान्वयन भई रहेको सडक विस्तार र मेलम्ची खानेपानी आयोजना" अन्तर्गत उपत्यकाभित्रका खानेपानी तथा ढल निकास/प्रशोधन सम्बन्धी गतिविधी विषयक अन्तर्क्रिया कार्यक्रम मिति २०७० साल पौष २३ गते बानेश्वरमा काठमाडौं उपत्यकाबाट निर्वाचित सभासद्हरूको समपस्थितिमा सु-सम्पन्न भयो।

सो कार्यक्रमको स्वागत मन्तव्यको क्रममा काठमाडौं उपत्यका विकास प्राधिकरणका विकास आयुक्त **श्री योगेश्वरकृष्ण पराजुलीज्यूले** उपस्थित महानुभावहरूमा स्वागत तथा अभिवादन व्यक्त गर्दै उपत्यकाको बढ्दो अव्यवस्थित शहरीकरणलाई व्यवस्थित कसरी पार्ने, सर्वसाधारण जनताको स्वास्थ सुविधा एवं आर्थिक हित कायम राख्ने लगायत काठमाडौं उपत्यका विकास प्राधिकरणले खेल्ने भूमिकाको बारेमा प्रकाश पार्नु भयो। साथै उपत्यकाको विकासका लागि काठमाडौं उपत्यका विकास प्राधिकरणको स्थापना बैशाख १,२०६९ मा भए पश्चात हाल आएर प्राधिकरणले ५० वर्षे दूरदृष्टि, ५० वर्षे परिदृष्य, २० वर्षे रणनिति, २० वर्षे कार्यनीति, १० वर्षे कार्यक्रम र ५ वर्षे कार्ययोजना तयार पारी आगामी आ.व .देखि कार्यान्वयन गर्दै लैजाने कुरा व्यक्त गर्नुभयो। प्राधिकरणका कामलाई योजना, तर्जुमा, नियमन तथा विकास निकाय गरी प्रमुख तीन भूमिकाका रूपमा प्रष्ट पार्नु भयो। 'काठमाडौं उपत्यकाको योजना ५० वर्षे विकास मार्गचित्र' अन्तर्गत '५ वर्षमा उपत्यकामा करीव ५००० रोपनी जग्गामा ८५० स्थानमा हरित पार्क बनाईने पहिलो चरणको योजना रहेको कुराको उहाँले जानकारी गराउनु भयो।

उक्त अन्तर्कियाका क्रममा सभासद्ज्यूहरूले काठमाडौं उपत्यकालाई एक प्राकृतिक पर्यावरणको ईकाइको रूपमा लिई विकासको अवधारणा तयार हुनुपर्ने, सडक, खानेपानी, ढल, बाग्मती सभ्यता नदी व्यवस्थापन, भूकम्प लगायत प्राकृतिक विपतबाट हुनसक्ने जनधनको क्षतिलाई न्यून गर्न हरियाली प्रवर्धन, उपत्यकाभित्रै रहेका पानीका स्रोतहरूको संरक्षण र समुचित प्रयोग, महानगरपालिका, उप महानगरपालिका, नगरपालिका र गा.वि.स. बाहेक पनि यससंग जोडिएका तर उपत्यकाको प्राकृतिक पर्यावरण र पानी ढलोभित्र रहेका अन्य गा.वि.स. र विकट स्थानहरू समेतलाई समेटी कुनै पनि क्षेत्रलाई उपेक्षा नगरी समान ढंगले उपत्यकाको भावी शहरी विकाशका योजना तर्जुमा गरी क्रमश: कार्यान्वयन गर्दै जानु पर्ने सुझावहरू दिनु भयो।

साथै शहरी सडक विस्तारलाई बढी जानकारीमूलक, सहभागीतामूलक, पारदर्शी (Transparent) र न्यून क्षतिको सिद्धान्त अंगाली अगाडि बढाउनुपर्ने; कानूनी राज्यको अवधारणा अनुरूप अदालतबाट भए गरेको निर्णय आदेशानुसार क्षतिपूर्ति दिईमात्र काम अगाडि बढाउनुपर्ने मान्यतामा जोड दिनु भयो। हाल विस्तारको क्रममा रहेका र विस्तार सम्पन्न भैसकेका सडकहरूलाई बढी सर्वसाधारण प्रयोगमुखी बनाउन" सहरी आवागमन" कार्यक्रम (ठूला क्षमता

भएका सार्वजनिक यातायातको प्रयोग, साईकल, पदयात्री, Wheel Chair) लाई समावेश गर्दै अगाडि बढ्ने, सम्पूर्ण उपत्यकाको भू-उपयोग योजना, यातायात गुरू योजना तयार गरी लागू गरिनुपर्ने र सो अनुरूप मापदण्डहरू तयार गरिनुपर्ने र अव विकास हुने बस्तीहरूमा लागू हुने मापदण्डमा दमकल, दोहोरो दमकल र एम्वुलेन्स चल्न सक्ने गरी सडकको चौडाई तोकिनुपर्ने थप सुझावहरू दिनुभयो। स्थानिय निर्वाचित निकायको अभाव रहुन्जेल आफूहरू विकास योजना तयार गर्ने, कार्यान्वयन गर्ने निकायहरू र प्रभावित/लाभान्वित जनसमुदायवीच सेतुको काम गरी सहभागीता र समन्वयात्मक योजना र विकासलाई अगाडि बढाउन सदा तत्पर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।
मा. मन्त्रीज्यू, सांसदज्यूहरू, सचिवज्यूहरू तथा अन्य सहभागीहरूको भनाई बुँदागत रूपमा निम्नानुसार रहेको छ:

**<u>सारांशमा सांसदहरूको मुख्य भनाईमा:</u>**

- काठमाडौं उपत्यकालाई एक प्राकृतिक, वातावरणीय , भौगोलिक इकाई मानी विकास अवधारणा तय गरिनुपर्ने
- हरियाली प्रवर्धन हुने तथा शहरी सौन्दर्य अभिवृद्धिको कार्य थालनी गरिहाल्नुपर्ने।
- हाल विस्तारित सडकहरूलाई जनतालाई बढी प्रयोगमुखी बनाउने कार्यक्रम ल्याईनुपर्ने।
- उपत्यकाको व्यवस्थित विकासको लागि भौतिक विकास योजना, सडक संजाल गुरू योजना, भूउपयोग योजना तयार गरी सम्भावित स्थानहरूमा समन्वयात्मक ढंगले नयाँ वस्ती, हरित शहर निर्माण गरिनु पर्ने।

## मा. मन्त्रीज्यू , सांसदज्यूहरु तथा अन्य सहभागीहरुको मुख्य भनाई निम्नअनुसार वुंदागत समेट्ने प्रयास गरीएको छ:-

- काठमाडौंको समग्र विकास 'काठमाडौं उपत्यकाको मार्ग चित्र (Road Map of Kathmandu Valley)' मा उल्लेखित भएको उद्देश्य र रणनीतिवाट निर्देशित भई एक्काईसौं शताब्दीको जन-चाहानालाई साकार हुने गरी पूर्ण वैज्ञानिक हुनाको साथै मानवीय मूल्यको जगमा उभिएको हुनुपर्ने
- जग्गा जमीनको उपयोग गरी विकास कार्यक्रम सञ्चालन गर्दा 'भू-उपयोग योजना' र 'मापदण्ड' तयार गरी लागू गर्ने । यस्ता योजना र मापदण्डको मुख्य आधार 'राष्ट्रिय भू-उपयोग नीति-२०६९' अनुसार हुनु पर्ने
- सडक विस्तारको क्रममा दिइने मुआब्जा सामाजिक न्यायमा आधारित भई यस्को वितरण प्रणाली सहज र सरल हुनाको साथै अझ वढी पारदर्शी हुनुपर्ने
- मुख्य शहर वरिपरि Satellite City को विकास गर्ने र काठमाडौं उपत्यकामा Fast Track, Tunnel Road आदि वनेपछि हुन सक्ने स-साना शहर समेतलाई link गराउन मिल्ने गरी, योजना कार्यान्वयन गर्ने शहर समेतलाई Link गराउन मिल्ने गरी योजाना कार्यान्यन गर्ने । काठमाडौं उपत्यकाको 'समग्र विकास योजना' तर्जुमा गर्दा त्यसभित्र उपत्यकाका पुरै गा.वि.स हरुलाई समेत समेटिनु पर्ने
- काठमाडौं उपत्यकामा खाने पानी आपूर्तिका लागि मेलम्ची आयोजनामा मात्र निर्भर नरही अन्य विकल्पहरुको समेत खोजी गर्नु पर्ने र हालसम्म पहिचान भै आंशिक उपयोगमा ल्याइएका स्रोत

जस्तै गोदावरी, नख्खु, कोड्कु आदिको स्रोत संरक्षण र वरिपरिका वन जंगल एवं जलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापनमा जोड दिने

- भूमिगत जल सतह र **Water Recharge** वारे उपयुक्त ध्यान दिनु पर्ने र यस्ता जल भन्डारको दोहन क्षमताको आधार पत्ता लगाई तदनुरुप कार्य गर्ने । काठमाडौं उपत्यकाको भौतिक विकास योजना र मापदण्ड तर्जुमा गर्दा वढी सम्बेदनशील हुनुपर्ने
- प्राचीन वाग्मती सभ्यताको पुनस्तर्थापना हुने गरी कार्यक्रमहरु तय गरिनु पर्ने र शहरी वातावरण सुधारका कार्यक्रमसंग समन्वय गरी नदी सफाई, ढल ब्यवस्थापन, आदि द्वारा सांस्कृतिक पक्षको जगेर्ना एवं विकास गर्ने साथै जनस्तरमा रहेको समूहगत विविधताको अन्योन्याश्रित सम्बन्धको समेत जगेर्ना गर्ने

- काठमाडौं उपत्यकामा पशुपंक्षी वधशाला राख्न उचित नहुने
- काठमाडौं उपत्यकाका सरकारी पर्ती जग्गाहरु कुनै संघ/संस्था (सरकारी निकाय समेत) लाई भौतिक संरचना निर्माणको लागि उपलब्ध गराउन नहुने। वातावरणीय संरक्षण एवं सूधार गर्नका लागी यस्ता जग्गाहरुमा हरियाली प्रवर्धन, सार्वजनिक उधानको स्थापना आदि कार्य संचालन गर्ने
- सडक विस्तार, भवन निर्माण आदिमा ठेक्कापट्टा गर्दा कानूनी जटिलता देखा परेकोले (खासगरी न्यूनतम वोल कवोलवालालाई दिने प्रथा) Tender प्रकृया परिवर्तन गरी गुणस्तरमा ध्यान दिई वढी व्यवहारिक बनाउनु पर्ने
- सम्भावित भुकम्पीय विपदमा गर्नुपर्ने खोज र उद्दार (Search and Resume) सम्बन्धी आवागमन कार्यलाई सहज र निर्वाध रुपमा उपयोग गर्न मिल्ने गरी सडकको चौडाई कायम हुनु पर्ने
- यसै गरी भवन निर्माण सम्बन्धी मापदण्ड तयार गर्दा सडकको चौडाइलाई मध्यनजर गरी आकस्मिक विपद्कालमा पर्न सक्ने अवरोधलाई समेत व्यवस्थापन गर्न मिल्ने गरी भवनको उचाई कायम हुनु पर्ने
- शहरी आवागमन व्यव्थापन कार्यमा पैदल यात्रु, Wheel Chair का यात्रुलाई समेत सुविधा पुग्ने गरी सडक विकास र विस्तार हुनु पर्ने। Public Transport (सार्वजनिक यातायात) मा सरकारी दायित्व वढाउनु पर्ने र यसलाई सरल र सहज बनाउनु पर्ने
- शहरी क्षेत्रको वर्गीकरण गरी विकास गर्नु पर्ने र काठमाडौं उपत्यका सभ्यताको शहर भएकाले सडक विस्तारका फाइदा/वेफाइदा हेरी योजना वनाउनु पर्ने। सडकमा निर्माण सामाग्री आदि काम व्यवस्थित हुनुपर्ने विश्र्व सम्पदा सूचीमा नपरेका तर ऐतिहासिक, असुरक्षीत र जीर्ण वस्तीका क्षेत्रलाई समेत पुर्नरुत्थान (Regeneration) हुने गरी योजना तर्जुमा गर्ने। यस्ता क्षेत्रहरुलाई Heritage Tourism (सम्पदा पर्यटन) को संरक्षण र प्रवर्धन कार्यसंग जोडी स्थानीय व्यक्ति एवं परिवारलाई वसोवास गर्न आकर्षित गर्ने योजनाहरु कार्यान्वयन गर्नु पर्ने
- हालको स्थानीय जनप्रतिनिधि विहिन अवस्थामा सांसदहरु सरकारी विकास निकाय र जनताका विच सेतु (Interface) का रुपमा रही विकास विरोधी पक्षसंग भिड्ने र विकासका पक्षमा उभिइ सहयोगी भूमिकामा रहने हुँदा शहरी विकास, सडक, उर्जा, खानेपानी, आवागमन (ट्राफिक) आदि

सबै विषयमा सहकार्यको आवश्यकता भएकोले यस्तो अन्तर्क्रियात्मक कार्यक्रमको निरन्तरता भै रहनु पर्ने।

**सचिवज्यूहरूको अभिव्यक्ति अनुसार काठमाडौंको वृहत आयोजनामध्ये:-**

क) त्रिभुवन विमानस्थल (राष्ट्रिय/ अन्तर्राष्ट्रिय) को क्षमता वृद्धि

ख) मेलम्ची आयोजना

ग) सडक विस्तार (देशव्यापी प्रभावमा आएको)

घ) वागमती सरसफाई अभियान

ङ) बाहिरी चक्रपथ आयोजना आदि विशेष छनौटमा परेका

- यसका साथै सुन्दरीजलदेखि सुन्दरीघाटसम्म नदी किनारामा ढल राख्ने, पछि शाखा नदीमा ढलको छुट्टै व्यवस्था गर्ने कुराको सूचना प्रवाहको साथै ADB ले वागमती नदीको जल वहाव बढाउन रू. ३ अर्ब दिने कुराको जानकारी गराईएको
- यसका अतिरिक्त काठमाडौं उपत्यकालाई जोनिङ्ग गरी विकास गर्ने, मण्डलाजस्ता स्थानहरूको निर्माण, काठमाडौंको भारवहन क्षमताको अध्ययन, चक्रपथ विकास निर्माणको आवधिक कार्ययोजना ( प्रथम तथा द्वितीय चरण) सडक बत्तीमा सौर्य उर्जाको प्रयोग, वागमती करिडोर निर्माण, पेट्रोल पम्पहरूको मापदण्ड र ठाउँको चयन, समानुपातिक विकासका लागि मन्त्रालय, विभाग र कार्यालयहरू राखिने स्थानको निर्धारण आदि विषयबारे पनि जानकारी गराईएको।

- खानेपानी, ढलनिकास, विजुली टेलिफोनका कार्यहरु गर्दा पटक पटक सडक र त्यस्का पेटीहरु भत्काउने र पुनर्निर्माण गर्ने पुरानै प्रथा चलि रहेको कारण राज्य स्रोतको दुरुपयोग भइरहेको जनताले दुख कष्ट झेलिरहनु परेको अवस्था रहेको।
- यस्तो अवस्थालाई अन्त्य गरी सडक विस्तारको कार्य सम्पादन गर्दा नै उपरोक्त कार्यहरुको लागी आवश्यक संरचना निर्माण गरी राज्यश्रोतको दुरुपयोग रोकी आम जनताको सुविधालाई प्रत्याभूत गर्नु पर्ने ।

हाल काठमाडौं उपत्यका विकास प्राधिकरणको स्थापना भै सकेको सन्दर्भमा उपरोक्त नकारात्मक कृयाकलापहरु दोहोरिन नदिन उक्त निकायले योजना निर्माण गर्नु पर्ने हुँदा यस प्राधिकरणलाई स्रोत साधन सम्पन्न र प्रभावशाली निकायको रुपमा स्थापित गर्ने कुरामा सांसदहरु र सरकारको भूमिका सरकारात्मक रहने।

**अन्तर्क्रिया कार्यक्रममा उपस्थित महानुभावहरूबाट अभिव्यक्त विचार तथा प्राप्त सुझावहरू:-**

**<u>मा. मन्त्री श्री छविराज पन्तज्यू:</u>**

१. यस कार्यक्रमबाट खंदिलो निष्कर्ष प्राप्त भई राम्रो कार्यक्रमहरू बनाउन सहयोग पुग्ने आशा गर्दछु र अहिले हामी सडक, पानी (मेलम्ची) र ढल जस्ता महत्वपूर्ण विषयमा कुरा गर्दछौं।

२. माननीयज्यूहरूको चासो हामी गम्भिरताका साथ लिन्छौ, सडक जनताको लागि नै हो। हामी जनतासंगै काम गर्छौं। जनताको चाहना र आवश्यकता अनुरूप नै गर्छौं। बाटो विस्तारको विरोध कतैबाट आएको छैन। मुआब्जा कसरी दिने हेर्नुपर्छ।

३. मेलम्चीको पानी २०७३ बैशाखभित्र काठमाडौंमा पुग्छ। हामी निरन्तर रूपमा सांसदज्यूहरुसंग बस्छौं, यसलाई निरन्तरता दिन यसो गर्न एउट विधि संगत संयन्त्र बनाऔं, यो एउटा प्रारम्भिक अन्तर्क्रिया हो।

**<u>मा.मन्त्री, श्री नरहरी आचार्यज्यू:</u>**

१. उपत्यकाका विभिन्न समूहहरूको विविधता र अन्तर्निर्भरतालाई ध्यान दिनुस्।

२. सडक, पानी तथा विद्युत आधारभूत वस्तु हुन र कसैले पानी पाईन भनेर जुलुस गरेको छैन केवल न्यायसंगत वितरणको माग गरेका छन्।

३. उपत्यका वरिपरिका पाखाका पानी संकलन बारे अहिले सोच्नु वेला भएन र ?

४. मेलम्ची Continuity र विकल्पको योजना बारे पनि सोच्नुस्।

५. पहिला पहिला नभएको यस्तो हामीवीचको छलफल राम्रो छ (बाटो विस्तार बारेमा). यी काममा नियम पालन गर्नुहोस्। कानून सम्मत क्षतिपुर्ती दिनुपर्छ; वा जग्गाधनीहरूको मन जिति जग्गा प्राप्त गर्नुपर्दछ। बाटो विस्तार गर्दा सबै घर जानेलाई विकल्प नै उपलब्ध गराउनुपर्छ।

६. पक्कै बाटो र त्यसको सुधार चाहिन्छ, तर किन क्षतिपूर्ति दिन सकिदैन ? मानवोचित व्यवहार गरौं। पंचायत कालमा पनि जग्गा लिनु पूर्व क्षतिपूर्ति दिईन्थ्यो।

७. शीतल निवास अगाडि सार्वजनिक यातायात Stop हुन आवश्यक छ तर चारैतिरको सरकारी कार्यालयहरूले जग्गा छोड्ने त कता कता बरू अतिक्रमण गर्ने गरेको सुनिन्छ/देखिन्छ। यस्तो दूरदृष्टि विहिन किन ?

८. त्रि.वि. हस्पिटल अगाडि ढुंगा माटो (Derbies), कंक्रिड थुपारेको देखिन्छ। त्यसको समयमै व्यवस्थापन गर्नुपर्दछ।

९. हामी तपाईहरूलाई समस्या समाधान गर्न सघाउँछौ; हामी जनता तथा भीडसंग जुध्नेछौं। हामी तपाईं विरोधी होईन।

१०. निर्वाचित प्रतिनिधि भनेको हाल सभासद मात्र भएकोले सडक, ढल, पानीका समस्यामा अल्झिनु परेको ले अन्य कार्यहरूमा पुरा समय दिन सकिएको छैन।

**<u>मा. श्री गगन थापाज्यू</u>**

१. काठमाडौं उपत्यकालाई एउटा सिङ्गो विकास ईकाइको रूपमा लिनुपर्छ।
२. उपत्यका स्तरीय मुद्दाहरूले स्थानिय र राष्ट्रिय मुद्दाहरू ओझेलमा पर्ने गरेको छ।
३. उपत्यकाका सांसदहरूसंग यस्तो बैठक हरेक एक वा दुई महिनामा गरि सडक र पानीका साथै अन्य मुद्दाहरूमा छलफल गर्नु उपयुक्त देख्दछु।
४. स्याटेलाईट सहरहरू बनाउन आवश्यक देख्दछु।
५. उपत्यकाको अव्यवस्थित सहरीकरणलाई व्यवस्थित बनाउनु पर्छ र सकिन्छ।
६. 'बाटो मोटरको लागि हो र केही बटुवा पनि हुने हुनाले केही गरौं' भन्ने उल्टो खोजको सट्टा 'मानिसको लागि बाटो चाहियो र ती मध्ये केही मोटरमा पनि हिड्ने हुनाले त्यसलाई पनि केही गर्नु पर्दछ' भन्ने भावना प्रवल हुनुपर्दछ।
७. सडक विस्तार कार्यले यातायात व्यवस्थापन पनि समाहित गर्नुपर्छ। बसस्टप आदिको व्यवस्था गरि सार्वजनिक यातायात हेरेनौं भने सडक विस्तारले मात्र थेग्न सक्तैन। काठमाडौं उपत्यका विकास प्राधिकरणले काठमाडौंको एकीकृत विकासका लागि सशक्त भूमिका निर्वाह गरोस्।
८. सार्वजनिक खरिद कानूनमा ठुलो समस्या; न्यूनतम मूल्य वोल्नेलाई ठेक्का दिनु पर्ने र एडभान्स लिई ठेकेदार हराउने प्रथामा परिवर्तन ल्याउने पर्छ। ठेक्काको गुणस्तर परिक्षण तेस्रो पक्ष बाट गराउनु पर्छ।
९. हामीले हिम्मत गरौं र ठूलो सोचौं धोविखोला करिडोर जस्तो विस्तारै बनाउने अनि अझ पछि ढल बारे सोच्ने गरि सधैं निर्माण गरिरहनुपर्ने अवस्था हुनु हुन्न।
१०. यसरी हामी सांसदहरूलाई सम्मिलित गराई कार्य गरे हामीलाई तपाईंहरूले कर्मचारीतन्त्रको पक्षमा उभ्याउन सक्नु हुनेछ।
११. जनप्रतिनिधिसंग निरन्तर छलफल गर्ने वातावरण बनाउनु पर्दछ।
१२. फुटपाथमा ध्यान कम गएको छ। अन्तर्क्रिया कार्यक्रमको सफलताको शुभकामना र यस्ता कार्यक्रमहरूको निरन्तरता भई रहोस्।

**<u>मा.मन्त्री, श्री प्रकाशमान सिंहज्यू:</u>**

१. वैज्ञानिक प्रस्तुतिको लागि धन्यबाद।
२. सडक विस्तार सम्बन्धमा धेरै गुनासाहरू म कहाँ आइरहेको छ। स्थानियहरूलाई यसबारे वुझाउनु पर्दछ। कम्तीमा जानकारी उपलब्ध पर्दछ। तिनिहरूलाई हामी के गर्दछौं, कसरी गर्दछौं भन्ने बारे पूर्ण जानकारी दिनुपर्दछ। हामीले जनताले उचित निर्णय(Judgment) गर्न सक्छन् भन्ने मान्यता लिएका छौं।
३. मूलसडकहरूमा कुनै सम्झौता (Compromise) नगर्नुस् तर अन्य स्थानीय सडकहरूमा कुनै आतंक नमच्चाउनुहोस्। दमकलसम्म जाने बाटो भए हुन्छ।
४. काम गर्दा जनता केन्द्रमा राखि गर्नुहोस्।

५. अहिले चौबाटोहरूमा समस्या अति छ। यसलाई सडक विस्तार संगसंगै लैजानुपर्छ।

६. न्यूनतम मूल्यको टेन्ण्डरले जित्ने प्रणाली परिवर्तन गर्नुपर्छ। छिटो कार्य सम्पन्न गर्नेलाई बोनस आदिको व्यवस्था गर्नुपर्दछ।

७. मेलम्ची- दिवगंत श्री कृष्णप्रसाद भट्टराईज्यूको Pet आयोजना हो।

८. यसरी हामीलाई प्रत्येक दुई महिनामा जानकारी गराउनुहोस्; हामीलाई उपयोग गर्नुहोस्। हामी सहयोगको पूर्ण प्रतिवद्धता गर्दछौं।

**<u>मा.श्री रामेश्वर फूयांलज्यू:</u>**

१. ती प्रकाश चन्द्र लोहनीलाई निर्माणका जग दोल क्षेत्र निर्धारण गरेकोमा धन्यवाद।

२. आयोजनाहरू राजनीतिक निकायहरूले गर्नुपर्दछ।

३. उपत्यकाको काठमाडौंस्तरीय समग्र विकासको लागि सुदृढ निकाय चाहियो।

४. आयोजना र कामहरूको लागत सार्वजनिक गर्नुपर्यो। कुन बाटो कस्तो हुनुपर्थ्यो ? कस्तो छ र कस्तो हुनेछ, जानकारी गराउनुपर्छ। अहिले मलाई पनि थाहा छैन। योजना र मापदण्ड सार्वजनिक हुनुपर्छ।

५. राज्यले १० मी.(उदाहरणको लागि) भन्दा साघुँरो सडकमा लगानि गर्दैन भने स्वत: बाटो चौडा हुन थाल्छ।

६. उपत्यकाको काँठको चक्रपथ (चौथो चक्रपथ) बाहिर १० मी. को बनाईरहेका छौं, त्यसमा कुनै जोरजुलम गरेका छैनौ।

७. हामी तपाईहरूलाई सहयोग गर्दछौं हामीलाई संलग्न गरानुहोस्।

८. जनताले जग्गा दिएको छ राम्ररी निर्माण गर्नुस्। समस्या समाधान गर्न जनप्रतिनिधिको सहयोग आवश्यक छ।

९. सेवाका लाईनहरूको व्यवस्था सकेसम्म फरक बाटोबाट गर्नुपर्दछ।

१०. हामीलाई संलग्न गरानुहोस्। योजना बनाउने बेलामा यसले बजेट पास गर्न सहज गराउँछ।

११. कुनै आवास नभएको तीनकुनेको मुआब्जा दिने अहिले सडक विस्तारमा किन जवर्जस्ती ? राज्यले लुट्न पाईदैन, संविधान अनुसार काम गर्नुपर्यो।

१२. वि.सं. २०२१ को नक्सा अनुसार बाग्मतीको सिमाङ्कन गरौं, यसले जग्गा आफैं उपलब्ध हुन्छ।

१३. पानी चुहावट घटाऔं।

१४. शिवपुरी क्षेत्रमा वर्षेनी पानी भण्डारण गरौं, ढुगेधार संरक्षण गरौं।

१५. जोरपाटीमा ३ ईन्च पानी खेर गईरहेको छ।

१६. विरूवा रोप्न अनिवार्य गरौं। सहरी क्षेत्रमा रूख हुर्केको रोपौं।

१७. चोभार उत्तरका नदीमा चेक ड्याम बनाऔं, मूल संरक्षण गरौं।

१८. भूकम्प तथा अन्य प्राकृतिक विपद्बाट जोगिने गरी काम गरौं।

१९. काठमाडौंमा कुन जातको रूख रोप्ने अध्ययन गरौं।

२०. मेलम्ची आयोजनामा Share दिनुपर्‍यो।

२१. कुर्सीमा बस्नेले काम गर्न सक्ने गरी हामीले (MPS) कानून बनाईदिनुपर्‍यो।

२२. मेलम्ची आयोजनाले यसको प्रसारण क्षेत्रका बस्तीहरूमा पनि पानी दिनुपर्छ।

२३. सडक विस्तारको लागि कोही सुकुम्बासी हुन चाहन्न, कानून सम्मत क्षतिपूर्ति दिनुपर्छ।

२४. तपाईहरूको कठिनाई र सहज कार्यहरूमा हामीलाई पनि संलग्न गरानुहोस्। हामी गर्न सक्छौं, हामी नविन किसिमले काम गरौं।

२५. बाग्मति क्षेत्रको जग्गाको मुअव्जा र तिनकुनेको क्षेतिपूर्ती दिने।

**<u>मा.श्री नविन्द्रराज जोशीज्यू:</u>**

१. यस्तो छलफलमा हामीलाई सहभागी गराउनुभएकोमा धन्यवाद।

२. कर्मचारी, सरकार, राजनीतिक निकायहरूवीच Coordination हुनुपर्छ। हामी एक आपसमा परिपूरक हौं। हामीले हाम्रो सोचाईका भिन्नता वुझी नजिकिनुपर्छ। राजनीतिकर्मी कर्मचारीवीचको दूरी नघटेसम्म विकास प्रक्रिया राम्ररी अघि बढ्न सकदैन। काठमाडौं उपत्यकाको सन्दर्भमा जनप्रतिनिधि र सरकारी निकायसंग समन्वय गर्न सबल ईकाइ स्थापित हुनुपर्‍यो।

३. खुलामञ्चको वजारको उदाहरणबाट एक आपसमा समझदारी कायम गर्दै बिभिन्न विभागहरूसंग समन्वय गरी काम गर्न सक्छौं, स्थानिय विकासमा स्थानिय निकायहरूले नेतृत्व गर्नुपर्छ।

४. कानून सम्मत तरिकाले गरौं। परम्परा, संस्कृतिको सम्मान गरौं।

५. जग्गा गुमाउनेले समेत Appreciate गर्ने गरी सडक विस्तार गर्नुपर्छ। यहाँ क्षतिपूर्ति एवं कानूनको ध्यान दिनुपर्छ। राज्यको जिम्मेवारी जनताको सम्पत्तिको संरक्षण प्रदान गर्नु हो।

६. सडक विस्तार सम्बन्धी तिन महिने टोली बनाई कहाँ, कस्तो र कहिले गर्ने.. योजना बनाऔं। Unpredictable अवस्थामा नराखौं।

७. कर्मचारी र राजनीतिक पक्षहरूले एक अर्कालाई सम्मान गर्दै काम गरौं।

८. मेलम्ची योजनाको सम्बन्धमा हामी तपाईहरूको पक्षमा छौं। मेलम्ची विकल्परहित आयोजना हो।

९. काठमाडौंमा वधशाला राख्न उचित छैन।

१०. काठमाडौं उपत्यकामा Bottling Plant हुनुहुदैन।

११. सरकारी पर्ति जग्गा NGO को हातमा अव नबाँडौं।

**<u>मा.श्री भीमसेन दास प्रधानज्यू:</u>**

१. हामी निर्वाचित हुने वितिकै सडक विस्तार कार्य मल्ल होटल पुग्नासाथ मन्त्रीसंग भेटी " घर पर्नेलाई दु:खी बनाइ अरूलाई सुख दिने" काम गर्नु हुन्न भन्यौं। राम्रै काम गर्न पनि कसैको सम्पत्ति लुट्नु हुन्न। लुटिनेले सराप्दै छन्।

२. चौडा बाटो भू-कम्प पछिको समयको लागि पनि चाहिन्छ।

३. निर्मित स्थानको बाटो चौडा गर्नेको विकल्प पनि हेर्नुपर्छ। उदाहरणको लागि Grande Hospital को सडकको विकल्प विष्णुमति किनाराको सडक हुनसक्छ।

४. काठमाडौंको संस्कृति बागमती हो। Hawkers (नाङ्ले पसले) देखि सभासद् सबै काठमाडौं उपत्यकामै आउँछन्।

५. प्रकृति र संस्कृति संरक्षण गर्न के गर्न सकिन्छ हामीले हेर्नुपर्छ।

६. काँठ क्षेत्रमा जग्गामा घडेरी विकास रोक्ने कि नरोक्ने ? उपत्यकाको भविष्य कस्तो हुने/बनाउने/ कति समयसम्म योजना गर्ने ?

७. अहिले उपत्यकाका घरभित्र युरोपजस्तो छ। तर बाटो भने हिलाम्मे।

८. सडक विस्तार गर्ने Dozer संस्कृति अवलम्बन गर्नु हुन्न। क्षतिपूर्ति आधारभूत अधिकार हो। अधिनायकबादी कार्य नगरौं।

९. हाम्रो सहयोग पाउन उर्जा, सडक, खानेपानी, पासपोर्ट, ट्राफिक विषयहरुमा पनि हामीलाई सहभागि गराउनुहोस्।

१०. सडक विस्तार गर्दा घरधनीलाई प्राप्त हुने लाभ पनि एक प्रकारको क्षतिपूर्ति हो।

११. Consultative Process बाट अगाडि बढौं।

**मा.श्री रामविर मानन्धरज्यू:**

१. उपत्यकाको कुरा गर्दा तीनवटा राजमार्ग, दुईवटा नदी, पूर्व वंशहरू र सम्पदाहरूलाई राम्रो विचार गर्नुहोस्।

२. कंक्रिडका सिमेन्ट, बालुवा र डण्डीजस्तै प्रशासनमा कर्माचारी, राजनीतिक पक्षहरू छुट्टाछुट्टै भई काम गर्न सकिदैन।

३. उपत्यकाको भूमीगत जलको विचार गर्नुपर्छ।

४. सडक र Corridor वीच समन्वय गर्नुपर्छ।

५. राजमार्गमा Satellite वस्तीहरू विचार गर्नुपर्छ।

६. यातायात (Transport) ऐन चाहिन्छ। सडक विस्तार एक मात्र एक मात्र उपाय होईन।

७. सभ्यताको सहर अनि बाटो चौडा झन् चौडा गर्दै जाने हो भने के असन पनि चौडा गर्ने त त्यसो भए ?सोच्नुपर्‍यो।

८. सहरी क्षेत्र वर्गीकरण गर्नुपर्छ।

९. राजमार्ग विस्तार गर्ने कि नगर्ने बारे विस्तृत छलफल आवश्यक छ।

**मा. श्री ध्यानगोविन्द रंजितज्यू:**

१. भोट माग्दा मैले भनेको थिएँ, बाटो, पानी, सफाई र स्वरोजगार, अव तपाईहरूसंग मिलेर यिनिहरूको लागि लागिपर्नेछु।

२. बल्खु क्षेत्रमा ५९ लाख लिटर पानी प्रतिदिन थपिएको छ।

**मा. श्री राजन के.सी.ज्यू:**

१. सडक र पानी अत्यन्त महत्वपूर्ण विषय हो।

२. सडकका सानातिना कुराले पनि अवरोध गर्दछ; निर्माण सामाग्री र फोहरहरू तत्काल व्यवस्थापन गर्नु पर्दछ।

३. सडक विस्तारका बिभिन्न कार्यहरू (ह्युम पाईप, तार आदि राख्ने) क्रमबद्ध गर्न सकेको देखिदैन।

४. सडक विस्तार निकै राम्रो छ, तर काम तथा सामाग्री (अलकत्रा) गुणस्तरबारे प्रश्न उठेको छ।

५. जनताले पर्याप्त जानकारी पाएको छैन- कार्यक्रम तथा त्यसको लजिक बारे। जनता आतङ्कित भएका छन्।

६. दोश्रो चक्रपथ बनाउनुपर्छ। यसको निर्माणको लागि अनुरोध गर्दछु।

७. सडकहरु वर्गीकरण गरी त्यसको निर्माण गर्नुपर्दछ।

८. सडक निर्माणको उचित योजना हुनुपर्छ।

९. क्षतिपूर्ति दिनुपर्नेबारे सबैले भन्नु भएकै छ, म दोहर्याइ रहन्न।

१०. ४५% सम्म पानी चुहावट मेलम्ची आउनु पूर्व नै घटाई सक्नु पर्दछ।

११. जलको स्रोतहरुको स्वामित्व व्यवस्थापन गर्नुपर्दछ।

१२. सडक विस्तार: सडक सम्बेदनशील विषय हो, मानिसले विहान देखि बेलुकी प्रयोग गर्ने भएकोले।

१३. ग्रावेल जथाभावी थुपारी समस्या भईरहेको।

१४. विभिन्न निकायवीच समन्वय हुन नसकेको।

१५. गुणस्तर कायम गर्ने।

१६. ट्राफिक व्यवस्थापन, जनतालाई सु-सूचित गर्ने।

१६. अनावश्यक ठाउँमा सडक विस्तार नगर्ने।

**<u>मा. श्री रामेश्वर ढुङ्गेलज्यू:</u>**

१. यस्तो सूचित हुने अवसर दिनु भएकोमा धन्यवाद।

२. सडक विस्तारबारे केही सुझावहरु :

  क) निर्माणक्रम र सम्पन्न राम्ररी गर्नु पर्छ ,

  ख) पैदलपेटी, साइकल मार्ग र व्हिल चियरको लागि ब्यवस्था गर्नु पर्छ ,

  ग) पिचको मोटाइ उपयुक्त हुनुपर्छ

३. भक्तपुरलाई Neglect गरीन्छ , समानुपातिक विकास गरियोस् ।

४. खानेपानीको पाइप र ढल निकासको पाइपको दुरी राखियोस् ।

५. भूमिगत जल सतह घटीरहेको ख्याल पुराउनुहोस् ।

६. वर्षे पानी भण्डारणमा ध्यान दिनोस् ।

७. मुआब्जा दिनु पर्नेबारे मेलम्ची आयोजना हेर्नोस् ।

८. यदि कानून सुधार गर्नु पर्छ भने सुझाउनु होस् ।

९. समग्र उपत्यकाको सोच हुनु जरूरी- क्षेत्रगत होईन।

१०. Outer Ring Road यहाँ फेदीबाट लगौं।

खानेपानी समस्या र समाधानको वैकल्पिक समाधान निम्न किसिमले हुनुपर्दछ:-

- मेलम्चीको मात्र भर नगरौं
- नयाँ स्रोतको खोजी गरौं
- ढल खानेपानीको लाईन बेग्लै
- भूमिगत पानीको दुरूपयोग नगरौं, दोभानलाई कसरी सुधार्ने।
- Rain Water Storage: 1 in each district (जलविहार पुन:निर्माण)
- मेलम्चीको मुअव्जा तत्काल, मुअव्जामा समर्थन

- नदीहरू, बागमती, विष्णुमति, मनोहरा, टुकुचा, हनुमन्तेमा untreated waste गईरहेको बारे सौचौं।
- Make Septic tank compulsory
- Construction quality lowest bidding नगरौं
- Outer Outer Ring Road अत्यन्तै जरूरी
- आयोजकलाई समय र व्यवस्थापनमा ध्यान दिन जरूरी।
- Sussex: Post Area
- India: Delhi ma पनि Noida, Faridabad, Gurgaon बढी व्यवस्थित छन्।
- KVDA ले नयाँ नयाँ क्षेत्रलाई आफ्नो Planning भित्र पार्नुपर्दछ।
- Tunnel मार्ग Fast track develop भएपछि Satellite Town हरू बन्न प्रोत्साहित हुने वातावरण तयार पार्नु पर्यो
- सडक विस्तारको काम बेलुकाको समयमा गर्दा सहज हुने।
- संविधान निर्माण साथसाथ विकास निर्माणको माग
- Satellite City को रूपमा भक्तपुर विकसित हुँदै छ।
- राष्ट्रसेवक दक्ष र दूरदृष्टि भएको हुनुपर्ने।
- सडक विस्तारमा समन्वयात्मक काम हुनु पर्ने।
- सडक निर्माण गर्दा पैदलयात्री र साईकलयात्रीलाई समेत ध्यान दिनुपर्ने साथै अपाङ्गमैत्री हुनुपर्ने।
- बाटोको क्षमता २० टन लोडको हुनुपर्‍यो।
- काठमाडौं भ्यालीको बाटो खोलौं, १ नं. क्षेत्रबाट शुरू गरौं।
- ललितपुरमै १२०० मीटर Tunnel खोलेमा प्रशस्त पानी आउने।
- चापाकोट, गोदावरी, चापागाऊँ खानेपानी।
- टापूमा पानीको श्रोत धेरै छ, २०५१ सालदेखि घरमा पानी आएको छैन। नआएको पानीको पनि कैसा भुक्तान गर्नुपर्ने।
- को हो विकासको केन्द्रविन्दु प्रकाश पार्नु पर्यो। विकासको भूमिका खेल्ने निकाय (KVDA) लाई दरिलो र प्रभावकारी बनाउँदै लैजानु पर्‍यो।
- आधारभूत आवश्यकता पूरा गर्नु पर्‍यो।
- कोड्कु खोलाको व्यवस्थापन हुनु पर्‍यो।
- जनगुनासो नआओस्।

**<u>मा. श्री उदय शम्सेर राणाज्यूः</u>**

१. उपत्यकाको कुरा गर्दा दुर्गम १८ गा.वि.सहरु छुटाउने गरिन्छ। ती १८ गा.वि.स मा धेरै समयपछि मात्र भए पनि योजना कार्यमा समावेश हुनुपर्दछ।

२. यी स्थानमा Satellite Cities हुन सक्दछ; द्रुतमार्ग वरिपरी Satellite Cities बनाउने बारे सोच्नोस।

३. सडक विस्तारकार्य रातको समय गर्न किन सकिदैन ?

४. सडक विस्तारकार्य जनतासंग समन्वयन गरी गर्नुपर्दछ।

५. हामी तपाईहरुसंग काम गर्नेछौं।

६. पूर्व वक्ता सांसदजयूहरुले भन्नुभएको क्षतिपूर्तिको आवश्यकता र Property Right मा म पनि छु।

७. राष्ट्रको टेण्डर प्रक्रियामा समस्या छ। कसरी गर्ने तपाईहरुले सुल्झाउनोस; हामी यो कानुन सुधार गर्नेछौं।

८. ललितपुर, काठमाडौंका कतिपय गा.वि.स. उपत्यकाबाहिर छन्, र योजना वाहिर परेका छन्।

९. निर्वाचित स्थानिय निकाय नभएकोले जनता र सरकारवीच असमझदारी बढेको हो।

१०. ठेक्का-पट्टामा समस्या देखिएको।

११. काठमाडौं भ्यालिको प्लानिङ्ग गर्ने का.उ.वि.प्रा.लाई सवल र सशक्त बनाउँदै लैजानुपर्ने।

१२. Example: greater land London most organized

**<u>मा. श्री चन्द्र महर्जनज्यू:</u>**

१. पनौती जोड्ने सडक निर्माण गर्नुपर्दछ।

२. गोदावरी, नक्खु आदिमा स्थानिय पानीका श्रोत को दोहन तथा व्यवस्थापन गर्नुपर्दछ।

३. क्षेत्रको विकास बारेमा मात्र केन्द्रित भई  कुरा गर्नु वेश हुने।

४. आफ्नो क्षेत्रमा सहरी विकास नभएको।

५. योजना बारे जनतालाई जानकारी गराउनु पर्ने।

६. राजधानी विकासको क्रममा छ, बाटो समेत निर्माण नभई नयाँ नेपाल कसरी निर्माण हुन्छ ?

७. विधुतको लागि Gas Plant जस्ता तुरुन्त गर्न सकिने समाधान कार्य तुरुन्त गरौ ।

८. हामीलाई सम्झनु भएको र हाम्रो विचार राख्न मौका दिनु भएकोमा धन्यवाद।

९. उपरोक्त विषयमा KVDA को ध्यान जाओस्।

**<u>मा.श्री मदन बहादुर अमात्यज्यू :</u>**

१. विकास भनेको कि Dictatorial (Communist) देशमा वा प्रजातान्त्रिक देशमा हुन्छ । हाम्रो देश अर्धप्रजातान्त्रिक छ,यस्तो अप्ठेरो अवस्था पनि काम गरिरहनु भएका तपाईहरुलाई धन्यवाद छ।

२. सशक्त सरकार कुनै बेला आउने छ र योजना र कानूनहरुको अवलम्बन गर्ने छ।

३. वि.सं. २०४६ साल पूर्वको योजना कार्यन्वयन गर्दैछौ ।यी योजना बारे जनतासँग अहिले छलफल गर्नु पर्दछ।

४. यो योजनाहरुको Logic हेरि आवश्यक भए परिवर्तन गरौ अन्यथा जनतालाई Convince गरौ । Irrational योजना तथा डिजाइनहरुलाई Rational बनाऔ ।

५. एक मीटर चौडा बाटोमा छ तल्ले भवन बनिरहेको छ। समस्या बुझी कानून बनाऔ।

६. कानून कार्यान्वयन गरौ र उल्लङघन गर्नेहरुलाई जेलमा राखौ ।

७. ललितपुरमा धैरै पानी उपलब्ध छ ।

८. शक्तिशालीहरुले उल्लङघन गरीरहेका छन् ।

९. राष्ट्रप्रति समर्पित होऔ,विवेक प्रयोग गरौ। सो अनुसार काम गरौ ।

१०. विकासको सम्बन्धमा ललितपुरलाई अन्याय भएको, न्याय गर्नु पर्छ।

११. दिल्लीको करोलबागमा केही मुआब्जा दिइ जग्गा लिन सक्छ यहाँ किन सकिदैन ? देशको लागि मान्छे त मर्छ घरले के रोक्छ ?

१२. भवन निर्माण मापदण्ड लागू हुने विषय उचित रहेको।

१३. पानीमा एकलौटी अधिकार हुन नहुने।

१४. ललितपुरलाई उपेक्षा भएको।

१५. नेपाल अर्धप्रजातान्त्रिक अवस्थामा रहेको।

१६. कागज बनाएर घर बनाउने प्रणाली बन्द हुनुपर्यो।

१७. स्थानीय प्रतिनिधिकै दोष।

१८. ११ मीटर मापदण्डमा ८ मीटर छाडी घर बनाउने।

१९. मापदण्ड विपरित घर बनाउन पार्टी, कर्मचारी सबैले सोच्नुपर्यो।

**सचिव, श्री किशोर थापाज्यू:**

१. यहाँहरुको विचारलाई हामी गम्भीरताका साथ मनन गर्ने छौं।

२. काठमाण्डौ उपत्यकाका वृहत आयोजनाहरु मध्ये-

क) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता वृध्दि ,

ख) मेलम्ची आयोजना,

ग) सडक विस्तार (यस्को प्रभाव देशभरी भइरकोछ),

घ) वागमती नुहाउन योग्य बनाउने ,

ङ) बाहिरी चक्रपथ विकास आयोजना।

- थिरवम: Partnership
- मापदण्ड नबदलौं, नमिलेकोलाई सच्याऔं।
- वस्तिहरूको विकास हुनु पहिला सहरी विकास हुनुपर्ने।
- जग्गा वेच्नेले ३’-० को बाटोमा वेच्न नपाईने “कानून” बनाउनुपर्ने।
- सरकारको स्वामित्व रहेको जग्गा व्यक्तिको मात्र कसरी हुने ?
- ➢ मापदण्ड मिच्ने ठूलाबाट हुने हुँदा सजायँ दिने नियम लागू गरौं
- ➢ मतदातालाई हैन, देशलाई सोचौं- म व्रम्हले देखेको मात्र काम गर्छु।
- ➢ भूकम्प आए के गर्ने, विचार गरौं
- ➢ **Planning** अनुसार काम होस्

३. सडक बिस्तारको अचानक, आतङ्क र क्षतिपूतिबारे यहाँहरुले विचार व्यक्त गर्नुभयो ।

४. हाल क्षतिपूर्ति दिने नीति लिएका छौं; योजना बनाउँदैछौं।

५. हामीले जतिसुकै जानकारी दिए पनि जनता Proactive हुँदैन। तसर्थ सर्वप्रथम चिन्ह लगाऊँछौं, त्यसपछि माईकिङ्ग गर्दछौं र अन्तत: दलबल सहित भत्काउन जान्छौं। दलबल गईसकेपछि कार्य नसकि रोकिदैन।

६. नेपालको कर्मचारीतन्त्र विश्वको सवैभन्दा जनमैत्री छ।

७. हामी सांसदज्यूहरुसंग छलफल गर्नेछौं, Convince गर्नेछौं। सांसदज्यूहरूले प्राथमिकताक्रम तोकिदिनु हुनेछ।

८. जग्गाको क्षतिपूर्तिको कुरा गर्दा सडक विस्तारबाट किनाराका भाडा तेब्बर र मूल्य दोब्बर भएको पनि हेर्नुपर्छ। खर्चको केही अंश जग्गा, घरधनीले पनि व्यहोर्नुपर्छ। लाभकर लिने कानूनमा ब्यवस्था छ।

९. मेलम्चीको पानी उपत्यकामा २०७३ वैशाख १ गते आईपुग्छ ।

१०. सुन्दरीजलदेखि सुन्दरीघाट सम्म बागमती किनारमा ढल राखिने छ। पछी शाखा नदीमा ढल राखिने छ।

११. बागमतीमा जलवहाव बृद्धि गर्न एशियाली विकास बैंकले तीन अर्व रुपैया सहयोग गर्दै छ।

१२ .बागमती वोर्डले नियमन गर्छ; हालसम्म भूमिगत पानी निकाल्ने ३०० वटा अनुमाति पत्र नियमन गरेको छ।

१३. भक्तपुरको महादेव खोला, शेषनारायण, चौमुले, दक्षिण ललितपुर र काठमाडौंका स्थानहरुको पानी उपयोग गरी केही थप पानी विवरण गरेका छौं ।

१४. पछी यस्ता स्थानीय रूपमा उपलब्ध पानी, काँठको लागि व्यवस्थापन गरी मेलम्चीको पानी मध्य शहरी क्षेत्रको लागि व्यवस्था गरिने छ।

१५. स्थानीयहरुबाट समस्या अध्ययनको समयदेखिनै आउने गर्दछ ।

१६. ठोस्ने खोलाको दैनिक एक करोड पानी झिक्नेबारे यहाँ उठाइएको प्राविधिक प्रश्नबारे कार्यक्रम पछि छुट्टै कुरा गरौं।

**<u>सचिव, श्री तुलसि सिटौलाज्यू:</u>**

१. यस कार्यक्रम प्रारम्भिक हो; हाम्रो सहकार्य निरन्तर हनेछ ।

२. भक्तपुरलाई पक्षपात (अन्याय) गरेका छैन; सडक विस्तार त भक्तपुरको अरनिको राजमार्गबाटै प्रारम्भ भएको हो।

३. सडक विस्तारले निरन्तरता लिनेछ; अब यातायात व्यवस्थापन र पार्किङ्ग पनि राम्ररी हेरिने छ। त्यस्तै चोबाटो सुधार गरिने छ।

४. कङ्क्रित बाटो पीचभन्दा ३ देखि ४ गुणा महंगो छ; तसर्थ हामी सावधानी पुर्वक निर्णय गरिरहेका छौं।

५. शहरी बाटो असाध्यै जटिल छ; हाम्रो डिजाइन पनि सुधार गर्नु पर्छ।

६. सडक विस्तारको विरोध गर्नेहरु को हुन; दलालहरु पनि छन्।

७. हामी सांसदज्यूहरुको सहयोगको अपेक्षा गर्दछौं।

८. काठमाडौं उपत्यकालाई नमूना वस्ती शहर भन्न कति उचित।

९. PPA, PPR, Revision Process मा छ।

१०. निर्माण व्यवसायीको क्षमता अभिवृद्धि।

११. You can‘t start the work with perfection

१२. ठूला-बडाबाट शोषण: पर्ति जग्गा हडप्ने Stakeholders छुट्टाउन अनुरोध।

१३. राजमार्ग जोड्ने योजना कहाँ छ ?

१४. शहरको वर्गीकरण गर्नुपर्यो।

<u>**सचिव, श्री कृष्णहरी वास्कोटाज्यू:**</u>

**१. यहाँहरु १५ जनाले बुँदागत छलफल मासिक रुपमा गर्यौं भने ४ वर्षमा ठूलो योगदान हुनेछ।**

**<u>ती बुँदाहरु:-</u>**

क) काठमाडौंको गुरुयोजना,

ख) काठमाडौं उपत्यका विकास प्राधिकरणको क्षमता अभिवृद्धि (गुरूयोजना तयारी र कार्यान्वयन) र राष्ट्रिय भू-उपयोग नीति २०६९ ले निर्देशित गरे बमोजिम हुने।

ग) सार्वजनिक जग्गा र पार्किङ्ग,

घ) सार्वजनिक यातायात (यातायात विकास गुरूयोजना तयारी पछि तदनुरूप कार्य गर्ने)

ङ) सार्वजनिक यातायत साधनको लागि आरक्षित सडक लेन,

च) जग्गा वर्गीकरण (राष्ट्रिय भू-उपयोग नीति, २०६९ को मर्म र भावना अनुरूप गरिने),

छ) काठमाडौं उपत्यकाको जोनिङ्ग,(भौतिक योजान कार्यान्वयन गर्ने अपनाईने रणनीति अन्तर्गत कार्यनीतिसंग आवद्ध गरी सोही अनुरूप गतिविधि संचालन गर्ने)

ज) मण्डलाजस्ता १०० स्थानहरुको निर्माण,

झ) रातमा निर्माण कार्य गर्ने,

ञ) मापदण्डको Revision जरूरी।

ट) बागमती सभ्यता जोगाऔं

ठ) Carrying Capacity of Kathmandu Valley Study

ड) Federal Structure Kathmandu Valley को समस्या समाधानबाट मात्र हुने।

ढ) मण्डला जस्तै सोह्रखुट्टे लगायत सय ठाउमा निर्माण हुनुपर्ने

२. काठमाडौं उपत्यका खानेपानी लिमिटेडको संरचना व्यवस्थापन गर्नु पर्छ।

३. मेलम्ची आयोजनाको दुई मुख्य अङ्गहरु छन्- सुरुङ्ग र विवरण प्रणाली।

४. चक्रपथ पहिले चरणको निर्माण २२ महिनामा सम्पन्न हुन्छ बाँकी ५ बर्षमा सम्पन्न हुन्छ।

५. अव ठेक्का दिँदा १० वर्षको मर्मत सम्भार पनि दिनुपर्ने देखिन्छ।

६. काठमाडौंका सडकमा कुनै धर्ना हड्ताल गर्न नपाइने गर्नुपर्छ।

७. सडक बत्ती सौर्य उर्जाबाट सञ्चालित हुनु पर्यो।

८. काठमाडौं उपत्यका पर्याप्त पानी छ।

९. बागमती कोरिडोर मार्ग २०० भित्र कि निर्माण गर्नुपर्छ।

१०. काठमाडौं उपत्यकाभित्र बधशाला हुनुहुन्न।

११. का.उ.मा ग्यास बोटलिङ्ग प्लान्ट राख्न दिनुहुन्छ?

१२. पेट्रोल पम्पहरुको पनि मापदण्ड बनाई उचित स्थानहरुमा मात्र राख्न दिनुपर्छ।

१३. उपत्यकाका जिल्लाहरुमा समानुपातिक विकास विवरण गर्न निम्न अनुसार गर्न सकिन्छ।

क) सबै मन्त्रालयहरु काठमाडौंमा;

ख) सबै बिभागहरु ललितपुरमा र

ग) सबै अन्यकार्यलयहरु भक्तपुरमा रहनुपर्ने।

१४. सांसदज्युहरुले प्राथमिकता निर्धारण गरिदिनोस, हामी काम गर्ने छौं ।

**<u>जिल्ला आयुक्त, श्री भाईकाजी तिवारीज्यू:</u>**

१. सडक विस्तार कार्यको प्रगति विवरण योजना गरिएका ५०० कि.मी. मध्ये १६५ कि.मी. सम्पन्न

२. GLD विधि अपनाईयो २०४५ पछि। दमकलको लागि ५.६ मी. चौडा सडकको आवश्यकता र भूकम्प पछि हुन सक्ने सडक अवरोध ( भत्किएको भवनको निर्माण सामाग्री बाटोमा थुप्री) विचार गरी सडक विस्तार गर्नुपर्छ।

**<u>सडक विस्तार आयोजना प्रमुख,(सडक विभाग) श्री श्याम खरेल:</u>**

१. सडक सम्बन्धि समस्या जनसंख्या वृद्धि र अतिक्रमणको कारण सिर्जेको हुन्छ।

२. प्रगति विवरन योजना गरिएका १०४ कि.मी. मध्ये ३९ कि.मी. सम्पन्न। सडक विभागले आठ मीटर भन्दा बढी चौडा सडक विस्तार गर्दैछ, र, सो भन्दा साँघुरा सडक स्थानीय निकायहरूले गर्दैछ।

**<u>आयोजना प्रमुख, (आयोजना कार्यान्वयन निर्देशनालय), श्री तेजराज भट्टज्यू:</u>**

१. खानेपानी तथा ढल निकासा सुधार " परियोजना कार्यान्वयन ईकाइ (PIU)" मेलम्ची परियोजनाको अंगको रूपमा कार्यरत छ।

२. १८९३ सन् मा निर्मित वीरधारा प्रणालीबाट विस्तार भएको प्रणालीका मुख्य समस्याहरू:-

क. पुरानो जिर्ण वितरण प्रणाली

ख. उतारचढाव भू-बनोट

ग. बस्ती विस्तार तथा वृद्धि

३. हाल उपत्यकामा खानेपानी आपूर्ति गर्ने निकाय विभिन्न कार्य अनुसार विभक्त गरिएको छ।

४. Project Implementation Unit (PIU) को परिचय

५. गुणस्तर प्रत्याभूति योजनाबारे विवेचना